# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, मंसीर २८ गते २०५५ साल (संख्या ३४

## भाग ३

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको सिफारिशमा २०५४ आषाढ १३ गते सम्पन्न राष्ट्रिय सभाका सदस्यहरूको निर्वाचनको सम्बन्धमा सोही ऐन अन्तर्गत-का मुद्दामा कारबाही र किनारा गर्न पुनरावेदन अदालत पाटनका माननीय न्यायधीश श्री माधवराज थापाको एक सदस्यीय निर्वाचन अदालत गठन गरेको छ। सो अदालतको म्याद गठन भएको मितिले हाललाई १ वर्ष हुनेछ।

### सूचना २

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २२ को उपदफा २ को प्रयोजनको लागि उपर्युक्त सूचना १ बमोजिमको निर्वाचन अदालतले गरेको निर्णय उपर पुनरावेदन सुन्न सर्वोच्च अदालतलाई तोकेको छ।

अधिकारकर्ता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

## सूचना ३

खण्ड ४४ मिति २०५१।७।२८ अतिरिक्ताङ्क ३४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित निर्वाचन अदालतहरूमध्ये मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतमा रिक्त रहेको न्यायाधीश पदमा श्री ५ को सरकारले पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश श्री माधवराज थापालाई तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क)ले दिएको अधिकार प्रयोग गरी कास्की जिल्ला साविक किशुवा गा.पं. वडा नं. ५ हाल लेखनाथ नगरपालिका. वडा नं. ६ स्थित लामास्वाराको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिम एक समिति गठन गरी समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि देहाय बमोजिम तोकेको छः–

१. समितिको गठनः समितिको गठन देहाय बमोजिम हुनेछः–

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की – अध्यक्ष

(ख) जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, कास्की – सदस्य

(ग) नापी अधिकृत, नापी शाखा, कास्की – सदस्य

(घ) अध्यक्ष, ६ नं, वडा –– लेखनाथ नगरपालिका, कास्की – सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, कास्की– सदस्य-सचिव

२. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) उल्लिखित क्षेत्रमा पर्ने जग्गाको दर्ताको समस्या समाधानको काममा समितिले पहिले नक्सामा कायम भएको डिमार्केशन लाइन र जिल्ला वन कार्यालय कास्कीबाट गरिएको प्रारम्भिक तेरिजको परिधिभित्र रही जग्गाको नाप नक्शा गर्ने ।

२५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) साविकको प्रमाण र हकभोगको आधारमा मात्र नाप नक्शा एवं सो को मूल्याङ्कन गरी जग्गा दर्ता गर्ने ।

(ग) वातावरण, भू-क्षय, नदी कटान र वन सीमा क्षेत्र समेतलाई दृष्टिगत गरी तत् सम्बन्धी विद्यमान ऐन नियम समेतको आधारमा जग्गाको यकिन गरी जग्गा दर्ता गर्ने र मापदण्ड निर्धारण गर्नु पर्ने भए सो समेत गर्ने ।

(घ) उल्लिखित क्षेत्रमा रहेका विद्यालय, पाटीपौवा, सरकारी कार्यालय र अन्य धार्मिक एवं सामाजिक संघ संस्थानहरूले भोगचलन गरेका जग्गाहरू बिक्री वितरण गर्न नपाउने गरी त्यस्ता जग्गा श्री ५ को सरकारको नाममा दर्ता कायम गरी भोग बमोजिम ती निकाय वा संस्थाका नाममा भोगाधिकारको व्यहोरा जनाउने ।

(ङ) पर्यावरणको दृष्टिले कसैलाई अन्यत्र सार्नु पर्ने भएमा सार्ने व्यवस्था मिलाउने र सो क्षेत्रमा वन तथा भू-संरक्षणको दृष्टिकोणबाट कुनै जग्गा प्राप्त गर्न आवश्यक देखेमा त्यसतर्फ समेत आवश्यक कारवाही गर्ने ।

(२) समितिले जिल्ला स्थित सुकुम्बासी समस्या समाधान समितिसंग समन्वय गरी कार्य सम्पादन गर्नेछ ।

(३) समितिको निर्णयानुसार जग्गाधनी दर्ता प्रमाण पूर्जा प्रमाणित गर्ने कार्य सदस्य-सचिवले गर्ने छ ।

(४) समितिबाट भए गरेका जग्गा दर्ता सम्बन्धी स्रेस्ता तथा मिसिल कागजातहरू कार्य सम्पन्न भएपछि सम्बन्धित मालपोत कार्यालय र नापी शाखामा बुझाउनु पर्नेछ ।

३. समितिको कार्यालयः समितिको कार्यालय मालपोत कार्यालय कास्कीमा रहने छ ।

४. समितिको कार्यावधिः समितिको कार्यावधि काम शुरु गरेको मितिले पैंतालिस दिनको हुनेछ ।

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव



२८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।